बैठक संख्या -५१

आज मिति २०७८।०८।०८ गतेको दिन यस उत्तरगया गाउँपालिका कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री उपेन्द्र लम्साल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष |
| श्री खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री इश्वर थापा | वडा अध्यक्ष |
| श्री शान्ता गलान | सदस्य |
| श्री कृष्ण कुमारी नेपाली | सदस्य |
| श्री सिता भट्ट | सदस्य |
| श्री विन्दा रैला | सदस्य |
| श्री ज्ञानु विक | सदस्य |
| श्री तिर्थ बहादुर घले | सदस्य |
| श्री नेत्रमणी न्यौपाने | सदस्य सचिव |

**प्रस्तावहरु**

प्रस्ताव नं. १ औषधी खरिद सम्बन्धमा ।

प्रस्ताव नं. २ क्यान्टीन निरन्तरता सम्वन्धमा ।

प्रस्ताव नं. ३ व्यक्तिगत घटना दर्ता व्यवस्थित सम्वन्धमा ।

प्रस्ताव नं. ४ घ वर्गको इजाजत सम्बन्धमा ।

प्रस्ताव नं. ५ धैबुङ कालिका निर्माण सेवालाई प्रा.लि.मा परिणत गरी ठाउँसारी सम्बन्धमा ।

प्रस्ताव नं. ६ दरबन्दी मिलान तथा खुद पुलमा पठाउने दरबन्दी सम्बन्धमा ।

प्रस्ताव नं. ७ विद्यालयमा दरबन्दीका शिक्षक व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. ८ शिक्षा समानिकरण तर्फको कार्यक्रमको कार्यान्वयन कार्यविधि सम्वन्धमा ।

प्रस्ताव नं. ९ गाउँशिक्षा पार्श्वचित्र तथा गाउँशिक्षा योजना निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. १० रोजगारमुलक आयोजनाहरु संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ११ एम्बुलेन्स संचालन खातामा रकमान्तर गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १२ प्राविधिक भत्ता सम्वन्धमा ।

प्रस्ताव नं. १३ सिड्स रसुवासँग सम्झौता नविकरण सम्वन्धमा ।

प्रस्ताव नं. १४ भुकम्प लाभग्राहीहरुका लागि कित्ताकाट प्रक्रिया सम्वन्धमा ।

प्रस्ताव नं. १५ जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र शिविर संचालन सम्बन्धमा ।

प्रस्ताव नं. १६ धार्ना खोला झो.पुको भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १७ चौमासिक योजना कार्यान्वयन सम्वन्धमा ।

प्रस्ताव नं. १८ महालेखा परिक्षक कार्यालयको प्रतिवेदन सम्वन्धमा ।

प्रस्ताव नं. १९ सार्वजनिक निर्माण कार्य सम्वन्धमा ।

प्रस्ताव नं. २० निम्सो खोला झो.पु. सम्वन्धमा ।

प्रस्ताव नं. २१ गाउँपालिका खेलकुद विकास समितिको संयोजक सम्वन्धमा ।

प्रस्ताव नं. २२ कृषी तथा पशु तर्फका करार कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १

**प्रस्ताव नं. १ माथि छलफल गर्दा** आकस्मीक औषधी खरिद शिर्षकमा प्राप्त अनुदान रु. बाह्र लाख पचास हजार बाट टेन्डर प्रक्रिया ढिला हुने हुँदा सेवा प्रवाहमा समस्या पर्न जाने भएकाले नेपाल सरकारको निर्णय अनुसार तोकिएको औषधी निर्माता कम्पनीको अधिकृत विक्रेताबाट आवश्यक औषधी सिधै खरिद गर्नका लागि स्वीकृत दिने निर्णय गरीयो ।

**निर्णय नं. २**

**प्रस्ताव नं २ माथि छलफल गर्दा** यस कार्यालयमा संचालनमा रहेको क्यान्टीन (चमेनागृह) यस आ.व. २०७८/०७९ मा पनि गत वर्षको खाजा खानाको दररेटमा नवढने गरी साविककै क्यान्टीन संचालकलाई ०७९ असार मसान्त सम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

**प्रस्ताव नं ३ माथि छलफल गर्दा** राष्ट्रिय परिचयपत्र तथा पंजिकरण ऐन २०७६ अनुसार व्यक्तिगत घटना दर्ताको एक वर्ष भित्र विवरण सच्याउन सकिने र सो अवधी पछि कुनै पनि अवस्थामा सच्याउन नसकिने भएको तर विद्यालयको विवरण र घटना दर्ताको विवरण फरक पर्न गई विभिन्न व्यक्तीहरु घटना दर्ता सच्याउन वडा कार्यालयमा आउने भएकोले वडा कार्यालयबाट जारी घटना दर्ता प्रमाण पत्र अनुसार विद्यालयको विवरण राख्न र भर्ना प्रक्रियामा समेत जन्मदर्ता अनिवार्य गर्न परिपत्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

**प्रस्ताव नं ४ माथि छलफल गर्दा** उत्तरगया वडा नं. १ स्थित तिरु लालिगुरासँ कन्स्ट्रक्सन प्रा.लि.ले घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउँ भनी पेश गरेको निवेदन र कागजात उपर जाँचबुझ गरी घ बर्गको निर्माण इजाजतपत्र जाँचबुझ समितिले पेश गरे अनुसार उक्त कम्पनीलाई इजाजतपत्र दिने निर्णय गरियो । साथै जमुना निर्माण सेवाले यस कार्यालयमा घ वर्गको निर्माण इजाजतपत्रको लागि निवेदन प्राप्त भएकोले सो फर्मले आवश्यक कागजात पुरा नगरेकाले, कागजात पुरा भएपछी घ वर्गको निर्माण इजाजतपत्र जाचँबुझ समितिले प्रमाणपत्र दिने गरी निर्णय गरियो ।

**निर्णय नं. ५**

**प्रस्ताव नं ५ माथि छलफल गर्दा** श्री डिल्ली प्रसाद सुवेदी को नाममा दर्ता भई सञ्चालनमा रहेको श्री धैबुङ कालिका निर्माण सेवा को नाम परिवर्तन गरी श्री धैबुङ कालिका कन्स्ट्रक्सन कम्पनी प्रा.लि. नाममा दर्ता गर्ने र प्रोप्राइटरमा श्री डिल्ली प्रसाद सुवेदी (उत्तरगया २, रसुवा), श्री सुरेन्द्र प्रसाद सुवेदी (उत्तरगया २, रसुवा) र श्री विकास रिमाल (विदुर १२, नुवाकोट) गरी ३ (तीन) जना संयुक्त रुपमा गर्न निवेदनका साथमा कागज पत्र समेत प्राप्त भएको र श्री धैबुङ कालिका कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को नाममा कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर; घरेलु तथा साना उद्योग कार्यालय, रसुवा; आन्तरिक राजश्व कार्यालय, बालाजु बाट प्रमाणपत्र जारी भइसकेको र निज तीन जनाले साझेदारी ऐन, अनुसार साझेदारीको सम्झौता गरेको प्रमाण समेत पेश गरकोले साविकको श्री धैबुङ कालिका निर्माण सेवाको सम्पूर्ण चल-अचल सम्पत्ति, ऋण, दायित्व अबदेखि श्री धैबुङ कालिका कन्स्ट्रक्सन कम्पनी प्रा.लि को कायम हुनेगरी नयाँ इजाजतपत्र दिने निर्णय गरियो । साथै कालिका गाउपालिका वडा नं. ३ मा कार्यालय रही सञ्चालनमा रहेको श्री धैबुङ कालिका निर्माण सेवा अब श्री धैबुङ कालिका कन्स्ट्रक्सन कम्पनी प्रा.लि को नाममा उत्तरगया गाउँपालिका वडा नं. २ मा कार्यालय रहने गरी सञ्चालन गर्न निवेदन र कालिका गाउँपालिका रसुवाबाट सिफारिस समेत प्राप्त भएकोले श्री धैबुङ कालिका कन्स्ट्रक्सन कम्पनी प्रा.लि लाई उत्तरगया गाउँपालिका वडा नं. २ मा ठेगाना कायम गरी प्रमाणपत्र दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

**प्रस्ताव नं ६ माथि छलफल गर्दा** यस गाउँपालिकामा प्राथमिक तहको खुद पुलमा पठाउनु पर्ने एक्काइस दरवन्दी मध्ये पहिला १२ रिक्त दरबन्दी जिल्ला पठाइसकिएको र हाल रिक्त हुन आएको ५ प्राथमिक दरबन्दी पनि खुद पुलमा पठाउने साथै गणेश प्रावि सिरुचेतमा कार्यरत प्रा.शि स्थायी शिक्षक उमेश बाबु घिमिरे र पञ्चलिङ्गे आ. वि. मा दरबन्दी राखि डाडागाउँ माविमा काजमा रहेका स्थायी प्रा.शि. नागेश विसि लाई विद्यालयको पत्रानुसार निजहरुलाई जिल्लामा खुद पुलमा पठाइदिनु भनि आएको र शिक्षा समिति को बैठकले पनि निजहरुलाई खुद पुलमा पठाउन कार्यपालिकामा सिफारिस गरेकोले निज शिक्षकहरु सहित रिक्त दरबन्दी खुद पुलमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ७

**प्रस्ताव नं ७ माथि छलफल गर्दा** हाल करुमर्याङ आवि मा एक जना पनि शिक्षक नभएको अवस्था र गणेश प्रावि र तिरु प्रा.वि. मा पनि एक एक जना शिक्षक भएकाले सोही विद्यालयमा शिक्षक व्यवस्थापन गर्न करुमऱ्याङ आ.वि. मा दरवन्दी रही काजमा पञ्चलिङ्गे आ.वि. मा कार्यारत शिक्षकहरु सुसिल प्याकुरेल र सन्जिब तामाङ करुमऱ्याङ आ.वि. मा काज फिर्ता गर्ने र निलकण्ठ मा.वि. मा काजमा रहेका बालउदय प्रा.वि. का शिक्षक सिबराम आचार्यलाई गणेश प्रा.वि. सिरुचेतमा र भुमेदेवी मा.वि.मा काजमा रहेका भुमेदेवी प्रा.वि.का पोखरी प्रसाद भट्टराई लाई तिरु प्रा.वि. मा काजमा खटाई पञ्चलिङ्गे आ.वि.मा सामाजिक परिचालक जिरा गुरुङलाई खटाउने र पत्र प्राप्त भएको मितिले तीन दिन भित्र विद्यालयमा हाजिर हुन पठाउने निर्णय गरियो ।

निर्णय नं. ८

**प्रस्ताव नं ८ माथि छलफल गर्दा** आ व २०७८/०७९ मा शिक्षा तर्फ विनियोजित रकमका स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्न कार्यविधि निर्माण भएकाले सो कार्यविधि स्वीकृत गरी सोही अनुसार मापदण्ड पुरा गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

**प्रस्ताव नं ९ माथि छलफल गर्दा** यस गाउँपालिकाको गाउँशिक्षा पार्श्वचित्र र शिक्षा योजना निर्माण गर्नका लागि समिति गठन भइ कार्य अगाडी बढेकाले सो कार्यलाई पुर्णता दिने गरी कार्यसम्पन्न गरी प्रवोधिकरण, पृष्ठपोषण संकलन र स्वीकृत गराउने जस्ता कार्य गर्न शिक्षा शाखा लाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. १०

**प्रस्ताव नं १० माथि छलफल गर्दा** प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ व २०७८।०७९ को कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु गत आ. व. मा इ एम आइ एसमा इन्टी भएका वेरोजगार व्यक्ती जम्मा ५०७ जना मध्ये र आयोजनाहरु जम्मा १७ मध्ये बाट प्राथमिकिकरणको आधार र मिति २०७८।०८।०७ गते को स्थानीय निर्देशक समितीको निर्णय अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

**प्रस्ताव नं ११ माथि छलफल गर्दा** एम्बुलेन्सको मर्मत इन्धन र चालकको तलब भत्ता को लागि एक लाख रुपैया गाउँपालिका विपद व्यवस्थापन कोषबाट एम्बुलेन्स संचालन समिति खातामा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

**प्रस्ताव नं १२ माथि छलफल गर्दा** गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत प्राविधिक सहायक खुवा प्रसाद पौडेललाई गाउँपालिकाको अन्य प्राविधिक सरह मापदण्ड बमोजिम प्राविधिक भत्ता उपलब्ध गराई गाउँपालिकाको काममा फिल्डमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

**प्रस्ताव नं १३ माथि छलफल गर्दा** सिड्स रसुवा र उत्तरगया गाउँपालिका विच भएको झोलुङ्गेपुल सम्बन्धी कार्य प्रत्योजन सम्झौता यस आ.व. का लागि नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

**प्रस्ताव नं १४ माथि छलफल गर्दा** यस गाउँपालिका अर्न्तगत वडा नं. १ बाट विस्थापित भएका लाभग्राहीहरुको लागि तल्लो पैरेमा १०३ लाभग्राहीको लागि राष्टिय पुर्ननिर्माण प्राधिकरणबाट खरिद गरिएको जग्गा लाभग्राहीको लागि छुट्टा छुट्टै कित्ता काटको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

**प्रस्ताव नं १५ माथि छलफल गर्दा** जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र शिविर संचालन कार्यक्रम यस आ.व.को तेस्रो चौमासिकमा राखिएकोमा दोस्रो चौमासिकमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

**प्रस्ताव नं १६ माथि छलफल गर्दा** आ.व. २०७७।०७८ मा यस उत्तरगया गाउँपालिकाको संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम अर्न्तगत ( ब उ शी न ८०३२८५०१५११) धार्ना खोला झो.पु. काभ्रे खोला झोपु उत्तरगया रसुवा योजनाका लागि रु २००००००। बजेट रहेकोमा आ.व. २०७६।०७७ मा कार्य सम्पन्न भई अन्तिम भुक्तानीका लागि रकम अपुग भएकोमा रु ६,०७,१५५ भुक्तानी गरिएको र बाँकि रकमबाट धार्ना खोला झो पु को लट्ठा लगायतका फेब्रिकेसन पार्टस खरिद गरि बाँकि हुन आएको रकमबाट उ.स लाई रु ५,१८,८६०। गत आ.व.मा भुक्तानी भएको हुँदा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन अनुसार रु २८,७५,७३०।३२ विल उठेकोमा गत आ.व.मा भुक्तानी भएको ५,१८,८६० बाकि रहेको रकम ससर्त अनुदानको निकासा प्राप्त भइनसकेको अवस्थामा आ.व. २०७८।०७९ को झो पु उ.स. लाई सापटी लिई भुक्तानी गर्नका लागि स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

**प्रस्ताव नं १७ माथि छलफल गर्दा** आ.व. २०७८।०७९ को स्वीकृत बजेटमा चौमासिक योजना तथा कार्यक्रम छनौटका कममा तेस्रो चौमासिकमा गएको हुँदा समयमै कार्य सम्पन्न गर्नु पर्ने भएकोले दोस्रो चौमासिकमा गर्नुपर्ने कामलाई सो भन्दा अगावै गर्ने गरी सम्झौता र भुक्तानी सम्बन्धी प्रकृया अगाडी बढाउने गरि कार्य गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

**प्रस्ताव नं १८ माथि छलफल गर्दा** महालेखा परिक्षकको कार्यालयबाट खटिइआएको टोलिले आ. व. २०७७।०७८ को लेखा परिक्षण गरी दिएको प्रारम्भीक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनले दिएका सुझावहरु पालन गर्न गराउन र वेरुजु घटाउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

**प्रस्ताव नं १९ माथि छलफल गर्दा** यस गाउँपालिका अर्न्तगत निर्माण हुने खेलमैदान, खानेपानी, झो.पु. को आवश्यकता अनुसार डि.पि.आर. गरी इ विडिङ कार्य अगाडी बढाउने र डि.पि.आर. वापत लाग्ने रकम भुक्तानी परामर्श सेवा शिर्षकबाट र नपुग रकम नियमानुसार कन्टीन्जेन्सीबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

**प्रस्ताव नं २० माथि छलफल गर्दा** निम्सो खोला झो.पु. (उत्तरगया ३) निर्माणको लागि पुर्णिमा परियोजना बाट निर्माण गर्ने भनिएकोमा उक्त पुर्णिमा परियोजनाको कार्यक्रम अवधी समाप्त भएकोले उक्त झो.पु निर्माणको लागि डोली लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

**प्रस्ताव नं २१ माथि छलफल गर्दा** गाउँपालिका खेलकुद विकास समितिको संयोजकमा उत्तरगया गाउँपालिकाका युवाहरु द्धारा भेलामा माइनुट गरी पठाइएको व्यक्ती मध्ये श्री राजेश थापा मगरलाई गाउँपालिका खेलकुद विकास समितिको संयोजक तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

**प्रस्ताव नं २२ माथि छलफल गर्दा** कृषी तथा पशु सेवामा कार्यरत कर्मचाहरुलाई चैत्र मसान्त सम्मका लागि तपशिल बमोजिम खटाई कामकाज गराउने निर्णय गरियो ।

क. दिलकुमारी पौडेल वडा नं. १ कार्यलयमा कार्यरत रहेकोमा वडा नं ३ मा खटाउने ।

ख. सन्तोषी आचार्य गाउँपालिकामा रहेकोमा वडा नं. १ मा खटाउने

ग. निकिता ढकाल वडा नं ४ र ५ मा कार्यरत भएकोमा वडा नं ४ मा खटाउने ।